# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४ संख्या ३ श्रावण ५ गते, २०७७ साल**

# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७७ सालको कार्यविधि नं. ३

## मादी गाउँपालिका नदी तथा खानीजन्य पदार्थको उपभोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

मादी गाउँपालिका क्षेत्रभित्र रहेका विकास निर्माण सामग्रीका रुपमा प्रयोग हुने स्लेट, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, र माटो जस्ता नदी तथा खानीजन्य पदार्थ लगायतका सामग्रीहरुको दोहनलाई निरुत्साहित गरी प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र सदुपयोग गर्न, विना स्वीकृति अवैध चोरी उत्खनन् र निकासी नियन्त्रण गर्न, उत्खनन् तथा निकासीलाई वातावरण मैत्री बनाई नकारात्मक

माद्री गाउँपालिका, कास्की

वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न, यस क्षेत्रबाट प्राप्तहुने राजस्व संकलनलाई व्यवस्थित गर्न, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुरुप उत्खनन् गर्न निर्धारित गरेका क्षेत्रहरुबाट निर्धारित परिमाणमा नदी तथा खानीजन्य सामग्रीको उत्खनन् गरी निर्माण सामग्रीको सहज, सरल र सुलभ आपूर्ति गर्न, नेपालको संविधान २०७२ को अनुसूची ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (प) (७) दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले खानी तथा नदीजन्य सामग्रीको उत्खनन् प्रशोधन तथा विक्री वितरण कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “मादी गाउँपालिका नदी तथा खानीजन्य पदार्थको उपभोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “कार्यविधि” भन्नाले मादी गाउँपालिका नदी तथा खानीजन्य पदार्थको उपभोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७” लाई सम्झनु पर्दछ ।

(ख) “उद्योग” भन्नाले कच्चा पदार्थको रुपमा खानी तथा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउँनेछ ।

मादी गाउँपालिका, कास्की

(ग) ‘‘अनुगमन समिति’’ भन्नाले कास्की जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन समिति तथा यस कार्यविधिको दफा २० बमोजिम गाउँपालिका अध्यक्षको संयोजकत्वमा रहेको गाउँपालिका स्तरीय अनुगमन समिति समेतलाई सम्झनु पर्दछ ।

(घ) ‘‘घाटगद्धी’’ भन्नाले नदीजन्य पदार्थ वा दहत्तर बहत्तर सङ्कलन वा उत्खनन् वा प्रशोधन गर्न चारकिल्ला तोकी छुटाइएको स्थान, संकलन गरी नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(ङ) “नदीजन्य पदार्थ” भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो तथा दहत्तर बहत्तर (काठ दाउरा) र नदीको वहावबाट बगी आउने सबैखाले प्राकृतिक वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

(च) “खानीजन्य पदार्थ” भन्नाले खानीबाट निकालिने ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, माटो जस्ता साधारण निर्माणमुखी प्राकृतिक वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

(छ) ‘‘प्रारम्भिक वातावरणीय परीक्षण’’ भन्नाले वातावरण संरक्षण ऐन, २०७६ तथा मादी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination (IEE)) भन्ने सम्झनुपर्दछ ।

(ज) ‘‘वातावरणीय प्रभाव मूल्याङ्कन’’ भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment (EIA)) भन्ने सम्झनु पर्दछ ।

मादी गाउँपालिका, कास्की

(झ) ‘‘संक्षिप्त वातावरणीय अध्ययन’’ भन्नाले वातावरण संरक्षण ऐन, २०७६ तथा मादी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study) समेतलाई बुझाउनेछ ।

(ञ) ‘‘वातावरणीय अध्ययन प्रतिवेदन’’ भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ट) “मन्त्रालय” भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल सरकारका अन्य मन्त्रालयहरु तथा प्रदेश मन्त्रालयहरुलाई समेत सम्झनु पर्दछ ।

(ठ) “मापदण्ड“ भन्नाले अनुसूची ४ र ५ बमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(ड) ‘‘राजश्व’’ भन्नाले खानी तथा नदीजन्य पदार्थ र दहत्तर वहत्तर काठ दाउरा आदिबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले निर्धारण गरी प्राप्त हुने सरकारी रकम सम्झनु पर्दछ ।

(ढ) “व्यवसायी” भन्नाले यस कार्यविधि बमोजिम खानी तथा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्धी तथा विक्री गर्न नेपाल सरकार तथा स्थानीय सरकारले निर्धारण गरेका प्रकृया पुरा गरी जारी गरेको इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

(ण) “शुल्क” भन्नाले वन क्षेत्र बाहिर उत्खनन् सङ्कलन भएका खानी तथा नदीजन्य पदार्थ संकलन शुल्क तथा विक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा विक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

मादी गाउँपालिका, कास्की

(त) ‘‘गाउँपालिका’’ भन्नाले मादी गाउँपालिका सम्झनु पर्दछ ।

(थ) “परिमाण” भन्नाले उत्खननको लागि स्वीकृति दिँदा चारकिल्ला तोकि उत्खनन् गर्न दिइएको अनुमानित परिमाण तथा घाटगद्धीमा रहेका खानी र नदीजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

(द) “कार्यदल” भन्नाले यस गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा गठित दफा १९ बमोजिमको कार्यदललाई सम्झनु पर्दछ ।

(ध) “प्रदेश” भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

(न) “जि.स.स.” भन्नाले जिल्ला समन्वय समिति, कास्कीलाई सम्झनुपर्दछ ।

(प) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य :** (१) मादी गाउँपालिकाको क्षेत्रभित्र नदीजन्य पदार्थको संकलन, उत्खनन्, प्रशोधन तथा
निकासी गर्दा प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदनको शर्त पालना गर्नु गराउनु ।

(२) नदी क्षेत्र, खानी क्षेत्र तथा संरक्षित क्षेत्रमा नदीजन्य पदार्थ ओसारपसार गरिने मार्ग वरिपरीको वातावरणीय पक्षको संरक्षण गर्नु ।

(३) नदी तथा खानीजन्य पदार्थको सन्तुलित उत्खनन्बाट निर्माण सामग्रीको नियमित दिगो आपुर्ति सुनिश्चित गर्नु ।

(४) राजश्व संकलन गर्नु ।

(५) प्राकृतिक स्रोत साधनको व्यवस्थित र दिगो प्रयोग सुनिश्चित गर्नु ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**४. अनुमति लिनु पर्ने :** (१) नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका खानी, क्रसर तथा वालुवा प्रशोधनसंग सम्बन्धित उद्योगहरु स्थापना र सञ्चालन गर्न सकिनेछ । साविकमा सम्बन्धित निकायवाट अद्यावधिक भई सञ्चालनमा रहेका उद्योगहरुको हकमा सोको अभिलेख एवं अद्यावधिक गर्ने कार्य गरिनेछ । उद्योगहरुको स्थापना, सञ्चालन, नवीकरण, अनुमति तथा नामसारी शुल्क गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ । स्थापना, दर्ता, नवीकरण, अनुमति तथा नामसारी गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थमा आधारित क्रसर उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची (१) बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई गाउँपालिकाले अनुसूची (२) बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(४) उपदफा (२) बमोजिम अनुमतिका लागि दरखास्त दिँदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त कानून बमोजिमका मापदण्ड र देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको प्रमाण संलग्न हुनुपर्नेछ ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता कच्चा पदार्थ उपलब्ध गराउने स्रोतवालासँग लिएको स्वीकृति सम्झौता सहितका प्रमाण संलग्न राख्नु पर्नेछ ।

(ग) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point समेत निर्दीष्ट गरेको हुनुपर्नेछ ।

(घ) उद्योगको क्षमता अनुसार न्यूनतम २० रोपनी जग्गा उद्योगको स्वामित्व वा लिज वा भाडामा रहेको हुनुपर्नेछ, यस्तो जग्गा सार्वजनिक, पर्ती वा ऐलानी जग्गा हुनु हुँदैन ।

(ङ) नदी तथा खानीजन्य पदार्थ उत्खनन्, प्रशोधन तथा विक्री गर्ने उद्योगले अनुमति लिन उद्योगमा प्रयोग हुने मेशिन तथा टिपरको संख्या गाडी नम्बर समेत खुलाइ स्विकृति लिनु पर्नेछ ।

(च) उद्योग दर्ता तथा वार्षिक कर गाउँपालिको आर्थिक ऐन बमोजिम हुनेछ ।

(५) यो कार्यविधि लागु हुनु पुर्व साविकमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले अनिवार्य रुपमा यसै कार्यविधि बमोजिम संचालन हुने गरी यो कार्यविधि स्वीकृत भएको मितिले ६ महिना भित्र कार्यविधि बमोजिमको मापदण्ड पूरा गरी गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भई सञ्चालनको अनुमती लिनु पर्नेछ। अन्यथा गाउँपालिकाले समयावधि तोकी उद्योग बन्द गर्न वा स्थानान्तरण गर्न आदेश जारी गर्न सक्नेछ ।

(६) गाउँपालिकाबाट स्वीकृति लिएका उद्योगहरुले तोकिएको दस्तुर बुझाई बार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ ।

(७) श्रममूलक रुपमा हेभी उपकरणको प्रयोग विना परम्परागत रोजगारी तथा पारिवारिक जिविकोपार्जनको स्रोतको रुपमा वालुवा संकलन गर्ने गाउँपालिका भित्रका बासिन्दाले समेत गाउँपालिकामा सूचीकृत भई अनुमति लिनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिमको उत्खनन्‌को श्रम स्वीकृतिको लागि कुनै व्यक्तिले गाउँपालिकामा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वडाको सिफारिस संलग्न राखी निवेदन दिएमा गाउँपालिकाले प्रति परिवार २ जनाको दरले श्रममूलक रुपमा तोकिएका क्षेत्रबाट नदीजन्य पदार्थ संकलन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम स्वीकृति प्राप्त व्यक्ति वा निजको परिवारले नदीजन्य पदार्थ उत्खनन् गर्दा व्यक्ति तथा परिवारका सदस्यको परिचय खुल्ने गरी गाउँपालिकाले अनुसूची (३) बमोजिम उपलब्ध गराएको परिचय पत्र अनिवार्य रुपमा साथमै राख्नु पर्नेछ । उक्त परिचयपत्र गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्बन्धित शाखा हेर्ने अधिकृतले प्रमाणित गर्नु पर्नेछ ।

(१०) उपदफा (८) बमोजिम स्वीकृति प्रदान गर्दा उत्खनन् गरिने नदी तथा खोला बहने वडा तथा नदी किनारका बासिन्दालाई प्राथमिकता दिइनेछ ।

(११) गाउँपालिकाबाट नदीजन्य पदार्थको संकलन तथा निकासी गर्न ठेक्का प्राप्त गर्ने ठेकेदारले नदीबाट परम्परागत पेशाको रुपमा श्रम प्रयोग गरी वालुवा उत्खनन् गर्न स्वीकृति पाएका व्यक्तिलाई IEE को प्रावधान विपरित नहुने गरी उत्खनन् गर्न रोक लगाउन पाइने छैन ।

(१२) परम्परागत पेशाको रुपमा श्रम प्रयोग गरी वालुवा उत्खनन् गर्न स्वीकृति पाएका व्यक्तिहरुसंग नदीजन्य पदार्थ खरिद गरी विक्री वा प्रयोग गर्ने व्यक्ति वा फर्मले नियमानुसारको स्थानीय तथा अन्य कर अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

नारी गाउँपालिका, कालिकोट

**५.क्रसर उद्योग सञ्चालन सम्बन्धमा :** (१) क्रसर उद्योग सञ्चालन गर्दा अनुसूची ४ बमोजिमको दुरी मापदण्ड पालना गनुपर्ने छ ।

(२) नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावारणीय अध्ययन प्रतिवेदनमा सङ्कलन, उत्खनन् गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल,परिमाण, समायावधि, र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नक्शा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरी नयाँ क्रसर उद्योग सञ्चालनको लागि वन तथा वातावरण मन्त्रालय वा सो मातहतको सहमति लिई दर्ताको लागि  निवेदन दिने व्यक्ति वा फर्मले उपदफा (१) बमोजिमको  मापदण्ड समेत पालना गरेको अवास्थामा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले गरेको वर्गीकरण बमोजिम अधिकार प्राप्त निकायले क्रसर उद्योग सञ्चालनको अनुमति प्रदान गर्नेछ ।

(४) क्रसर उद्योग लगायत वालुवा, पाँगो धुने र प्रशोधन गर्ने मेशिन तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधन र वायु प्रदुषण नियन्त्रणको लागि आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

५) अनुगमन समितिले अन्य विषयका अतिक्ति उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्त पुरा नभएसम्म उद्योग संचालनमा रोक लगाउन सक्नेछ ।

(६) प्रचलित कानून बमोजिम स्थापना भई संचालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको बार्षिक क्षमताको अधीनमा रही सङ्कलन तथा उत्खनन् गर्ने कच्चा पर्दाथको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाको अनुगमन समिति र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) यस मापदण्ड बमोजिम स्थापना तथा संचालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विक्रीको परीमाण सार्वजनिक गरी सोको जानकारी गाउँपालिका र अनुगमन समितिलाई दिनु पर्नेछ ।

(८) उपदफा (६) र (७) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा गाउँपालिकाले बन्द गर्न सक्नेछ ।

(९) अनूसूची (४) को दुरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी संचालनमा रहेका क्रसर उद्योगलाई गाउँपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थान्तरण गराउनेछ र यसरी स्थान्तरण हुन नमान्ने उद्योगको हकमा गाउँपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ ।

(१०) नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगका हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्पादनमूलक उद्योगको रुपमा गाउँपालिकाले दर्ता व्यवस्था मिलाउन सक्नेछ ।

(११) क्रसर उद्योगले आफूलाई चाहिने कच्चा पर्दाथ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन् वा सङ्कलन गरी प्रशोधन गर्न पाउने छैन ।

(१२) उफदता (६) बमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ती गर्दा लाग्ने विक्री मुल्य वा शुल्क गाउँपालिकालाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ती गर्न पाईनेछ ।

(१३) क्रसर उद्योगलाई गाउँपालिकाले गाउँसभाद्धारा निर्धारित दरमा उत्पादित परीमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

## परिच्छेद ३
## उत्खनन्, सङ्कलन, बिक्री र घाटगद्दी सम्बन्धी व्यवस्था

**६. उत्खनन् वा संकलनको लागि क्षेत्र निर्धारण:** (१) मादी गाउँपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थ संकलन तथा उत्खननको लागि देहायको आधारमा क्षेत्र निर्धारण गर्नेछ ।

(क) गाउँपालिकाको क्षेत्रभित्र पर्ने मादी नदी, विजयपुर खोला, इदी खोला, रुदी खोला, मकै खोला लगायतका अन्य खोला तथा खहरे लगायत वातावरण अध्ययन प्रतिवेदनले उत्खनन् तथा निकासी गर्न निर्दिष्ट गरेका क्षेत्रहरु ।

(ख) गाउँपालिकाभित्र रहेका नदी, खोला तथा खहरेले नदीजन्य पदार्थ थुपारी प्रकोप जोखिम उत्पन्न हुने संभावना भई त्यस्ता नदीजन्य पदार्थ हटाउन पर्ने भएमा त्यस्ता क्षेत्र ।

(ग) गाउँपालिकाभित्रका नदी, खोला तथा खहरे छेउछाउका निजी जग्गामा नदीजन्य पदार्थ थुप्रिएमा सो हटाउन जग्गाधनीको निवेदन प्राप्त भएमा जग्गा जोगाउन स्विकृत परिमाण सम्म मात्र नदीजन्य पदार्थ हटाउन स्वीकृति दिएका त्यस्ता क्षेत्र र परिमाण भित्र ।

(घ) गाउँपालिकाभित्रका विभिन्न सरकारी सार्वजनिक, गुठी र निजी जग्गामा थुप्रिएका नदीजन्य पदार्थ हटाउने भनी सम्बन्धित निकायबाट निर्णय भई आएमा उक्त क्षेत्र र परिमाण भित्र ।

(ङ) गाउँपालिका क्षेत्रभित्रका कृषकले आफ्नो जग्गा खेती योग्य बनाउँदा, माछापालन गर्न पोखरी निर्माण गर्दा र कुनै कृषि व्यवसाय, फर्म संचालन गर्न नदीजन्य पदार्थ हटाउँदा निस्कने नदीजन्य पदार्थको स्वीकृत स्थान र परिमाण भित्र ।

(च) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग संचालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

मादी गाउँपालिका, कास्की

**७. कार्ययोजना बनाउने :** (१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको जेठ मसान्त भित्र आगामी आ.व.को लागि देहायका कुराहरु समावेश गरी वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको प्रावधान अनुरुप नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्धी र विक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन् र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(घ) भण्डारण वा घाटगद्धी स्थल ।

(ङ) विक्री वितरणको प्रक्रिया ।

(च) सङ्कलनको विधि र प्रयोग हुने मेशिनरी औजार ।

(छ) प्राप्त हुने अनुमानित आम्दानी ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना अनुगमन समितिबाट फिल्ड निरीक्षण गराई, वन तथा नापीका प्रतिनिधि, विज्ञ तथा प्राविधिकबाट लिखित प्रतिवेदन तयार गरी अनुगमन समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजना संघीय तथा प्रदेश कानुन बमोजिम कुनै निकायबाट स्वीकृत गर्नु पर्ने व्यवस्था भएमा सो समेत गर्नु पर्नेछ ।

माथिल्लो गङ्गाजमुना, काश्की

८. वातावरणीय अध्ययनः (१) नदी तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा संक्षिप्त

वातावरणीय अध्ययन (BES) को लागि सम्बन्धित निकायबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ ।

(२) नदी तथा खानीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन वा संक्षिप्त वातावरणीय अध्ययन गराउनु पर्नेछ र सो को एक प्रति गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) नदी तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन, प्रशोधन र विक्री वितरण गर्ने उद्योगले नदी तथा खानीजन्य पदार्थको उत्खनन् र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(४) यो कार्यविधि लागू हुनु अघि सञ्चालन भएका उद्योगले यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन वा संक्षिप्त वातावरणीय अध्ययन अद्यावधिक गराई स्वीकृति लिनु पर्नेछ । उल्लेखित अवधिभित्र स्वीकृति नलिएमा गाउँपालिकाले उद्योग सञ्चालनमा रोक लगाउनेछ ।

९.नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्रीः (१) गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री गर्दा देहाय वमोजिम गर्नु पर्नेछ :-

(क) गाउँपालिकाले दफा ७ को उपदफा (१) उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाँउ कार्यपालिकाबाट स्वीकृत गनुपर्नेछ ।

(ख) प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गर्ने गराउने ।

(ग) प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः एकिन गर्ने,

(घ) गाउँसभाद्धारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमति र विक्रीको लागि ठेक्का व्यवस्था मिलाउने ।

(ङ) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन गर्दा अनुसूची ५ बमोजिमको दुरी मापदण्ड कायम गर्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् गरिने क्षेत्र दुई वा दुईभन्दा बढी गाउँपालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई सङ्कलन, उत्खनन् र विक्रीको व्यवस्था मिलाउन सकिनेछ

(३) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममुलक प्रविधिको प्रयोग गर्नुपर्नेछ । तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त  सीमा भित्र रही गर्नुपर्नेछ, साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपत् व्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ ।

(४) उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका तोक्नेछ ।

(५) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी
सम्याई राख्नुपर्नेछ ।

(६) उत्खनन् र सङ्कलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएको निर्देशनहरु समेतको पालना गर्नु पर्नेछ ।

(७) घना बस्ती र वन क्षेत्रको पाँच मिटर, राजमार्गको दुईसय मिटर दुरी भित्रको नदी, सडक पुल तथा झोलुङ्गे पुलको दुईसय मिटर तल र दुईसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्न पाईने छैन । तर, दफा ६ को उपदफा (१) को खण्ड (क) बमोजिम गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(८) उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा र दुर्घटना वीमा आदिको प्रबन्ध सम्बन्धित उत्खनन्, सङ्कलन र ढुवानीकर्ताले मिलाउने गरी ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(९) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, विक्री तथा ढुवानी ठेक्का बन्दोवस्त गर्दा परिमाणको आधारमा बार्षिक रुपमा गर्नु पर्नेछ ।

(१०) गाउँपालिकाले वर्षाको समयमा बगेर आउने वालुवालाई वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा नदीमा बाँध बनाई जमाउने तथा निश्चित मात्रामा वालुवा हार्भेस्टिङ् गरेर बेच्ने व्यवस्था गर्न सक्नेछ ।

(११) यस कार्यबिधी बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र सङ्कलन गर्ने क्रममा विपद्का दृष्टिले थप जोखिम निम्तिन सक्ने अवस्था सिर्जना भएमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा जिल्ला अनुगमन समितिले उत्खनन् र सङ्कलन गर्ने कार्यमा निश्चित समय तोकी रोक लगाउन सक्नेछ ।

(१२) यस दफा बमोजिम सङ्कलन र उत्खनन् कार्य गर्दा नदीको वहाव परिवर्तन नहुने साथै सिँचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नुपर्नेछ ।

<u>१०. खानीजन्य पदार्थ उत्खनन् सम्बन्धी व्यवस्था:</u> (१) खानीबाट ढुङ्गा , गिट्टी, वालुवा, स्लेट माटो जस्ता साधारण निर्माणमूखी पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनूमतीको लागि पेश गर्दा स्थानीय तहमा गठित प्राविधिक समितिको सिफारिस बमोजिम स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी पेश गर्नु पर्नेछ ।

(३) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपदफा (१) बमोजिम खानी सञ्चालनको अनूमती प्राप्त भएपछि सम्बन्धित गाउँपालिकाले खानी उद्योगको दर्ता गर्नेछ ।

(४) यस दफा बमोजिम खानी उद्योग दर्ता गरी सञ्चालन गर्ने ठाउँमा कम्तीमा बीस रोपनी वा सो बराबर क्षेत्रफल भएको निजी वा लिजमा लिएको जग्गा आबश्यक पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भई सञ्चालन भएका उद्योगहरुबाट उत्पादन हुने ढुङ्गा, गिट्टी , वालुवा, स्लेटको परिमाणको आधारमा गाउँपालिकाले दर्ता तथा वार्षिक नवीकरण शुल्क लगाउन सक्नेछ ।

६) यस दफा बमोजिम सञ्चालित खानी उद्योगहरुले स्वीकृत परिमाण र तोकिएका शर्त बमोजिम खानी सञ्चालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमन गर्न गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(७) खानीबाट उत्पादित ढुङ्गा, वालुवा, स्लेट र गिट्टी जस्ता साधारण निर्माणमूखी पदार्थको उत्पादनमा प्रचलित कानून बमोजिम रोयल्टी लाग्ने भएमा सो उठाउने व्यवस्था सोही कानूनमा तोकिए बमोजिम हुनेछ ।

११. वन तथा संरक्षण क्षेत्र सम्बन्धि व्यवस्थाः (१) वन तथा संरक्षण क्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गरिने छैन ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रहरुबाट सो कार्य गर्नुपर्ने भएमा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित विधि अनुसार गाउँपालिकाले ढुङ्गा, गिट्टी, स्लेट तथा वालुवा उत्खनन्, सङ्कलन र विक्री गर्न सक्नेछ ।

(३) वन क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, जस्ता साधारण निर्माणमूखी पदार्थको सङ्कलन र उत्खनन्का लागि मेशिनरी औजार प्रयोग गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र मापदण्ड भित्र रही गर्नु पर्नेछ ।

(४) संरक्षित क्षेत्रमा ढुङ्गा, गिट्टी , वालुवाको उत्खनन् गर्ने सम्बन्धमा सङ्घीय कानून तथा मापदण्ड बमोजिम हुनेछ । तर संरक्षित क्षेत्र भित्रका नदी, खोला तथा वगरमा बाढी, पहिरो आदि कारणले थुप्रिन गएको ढुङ्गा, गिट्टी, स्लेट तथा वालुवा आदि नहटाउँदा गम्भीर जोखिम हुने देखिएमा प्राविधिक टोलीबाट गरिएको सिफारीसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयनुसार हटाउन सकिनेछ ।

(५) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश र दफा १३ को उपदफा (३) बमोजिम हटाईने ढुङ्गा, गिट्टी, स्लेट, वालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा विक्री सम्बन्धी कार्य गाउँपालिकाले ठेक्का बन्दोबस्त वा अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ ।

(६) यस दफा बमोजिमको ठेक्का बन्दोबस्त गर्दा अपनाउनु पर्ने कार्यविधि दफा (१३) को उपदफा (३) मा उल्लेख भए बमोजिम हुनेछ ।

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिट्टी, स्लेट, वालुवा तथा माटोजन्य पर्दाथको उत्खनन् तथा सङ्कलन प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

१२.उत्खनन् वा सङ्कलन परिमाण नियन्त्रण विधिः उत्खनन् गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् हुन नदिन देहाय बमोजिम गर्नु पर्नेछ ।

(१) गाउँपालिकाले निर्धारण गरेको घाट र परिमाणको सीमा भित्र रही उत्खनन् आदेश दिनु पुर्व प्राविधिक नाप जाँच तथा रेखाङ्कनका आधारमा पहिलो पटक उत्खनन् सीमा तोकी दिने ।

(२) यस कार्यविधि बमोजिम उत्खनन् भई निकासी भएको स्थलमा कम्तीमा महिनाको १ पटक वा आवश्यकता अनुसार गाउँपालिकाको अनुगमन समितिले अनुगमन गर्नेछ ।

(३) सम्झौता बमोजिम नदी, खोला, खहरे, खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्धी गरिएको नदीजन्य पदार्थको परिणाम अनुसूची-६ (क) बमोजिमको ढाँचामा र दैनिक उत्खनन् तेरीज अनुसूची-६ (ख) बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्दछ ।

(४) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खनन्योग्य परिणाम र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (५) बमोजिम निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन् वा सङ्कलन गर्ने कार्य तुरुन्त बन्द गर्नु पर्नेछ ।

(६) गाउँपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक बर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डार गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम विक्री गर्न सक्नेछ ।

**१३. सूचना प्रकाशन गर्ने:** (१) गाउँ कार्यपालिकाबाट स्वीकृत कार्ययोजना बमोजिम गाउँपालिकाभित्रका वातावरण अध्ययन गरिएका खोला, नदी, खहरे र नदी उकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी गाउँपालिकाबाट स्वीकृत दरको आधारमा अनुमानित आय तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(२) सो परिमाणको नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलनको लागि ३० दिनको म्याद दिई दरभाउपत्र वा वोलपत्र सम्बन्धी सूचना राष्ट्रिय वा प्रदेश स्तरको

दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना गाउँपालिकाको सूचना पाटीमा टाँस गरी वेभसाइटमा राख्नुका साथै बढी जनसम्पर्क हुने कार्यालयमा समेत पठाउनु पर्नेछ । अलग अलग स्थानमा उत्खनन् तथा घाटगद्धी गर्नु पर्ने अवस्थामा अलग अलग प्याकेज बनाई दरभाउपत्र/बोलपत्र आव्हान गर्न सकिनेछ ।

(३) खानी तथा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री वितरणको ठेक्का बन्दोबस्त सम्वन्धी सूचना अनुसूची-७ (क) बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची-७ (ख) बमोजिमको ढाचाँमा ठेक्का सम्झौता गरी अनुसूची-७ (ग) बमोजिमको ढाचाँमा पट्टा फारम दिनु पर्नेछ ।

(५) दरभाउपत्र/बोलपत्र पेश गर्दा आफूले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल कबोल रकमको पाँच प्रतिशत धरौटी बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(६) अन्तिम मितिसम्म दाखिला भएका दरभाउपत्र/बोलपत्रहरु सकेसम्म सोही दिन कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता/बोलपत्रदाता प्रतिनिधिको रोहवरमा खोली भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ । दरभाउपत्रदाता/बोलपत्रदाताको अनुपस्थितिले तोकिएका उल्लेखित कार्य गर्न वाधा पर्ने छैन ।

(७) पहिलो पटक प्रकाशित सूचना बमोजिम पनि कुनै दरभाउपत्र/बोलपत्र नपरेमा वा परेका कुनै पनि दरभाउपत्र/बोलपत्र कानुन बमोजिम योग्य नभएमा पूर्व प्रकाशित सूचना अनुसार कम्तीमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ । दोस्रो पटकको सूचनामा पनि दरभाउपत्र/बोलपत्र दाखिला नभएमा वा स्वीकृत नभएमा दोस्रो पटकको भन्दा आधा अवधी राखी पुनः तेस्रो पटक सार्वजनिक सूचना जारी गर्नु पर्ने छ ।

(८) दरभाउपत्र/बोलपत्र सम्वन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(९) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा गाउँपालिकाले सङ्कलन गरिने खोला, नदी, खहरे र नदी उकास क्षेत्रको स्थान, उत्खनन् सङ्कलन हुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको विधि, ढुवानीको प्रक्रिया र घाटगद्धी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(१०) संकलन/उत्खनन् गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ । एक उत्खननकर्तालाई एक स्थानमा मात्र घाटगद्धी गर्न स्वीकृति प्रदान गर्न सकिने छ ।

(११) कार्यादेश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन्, र घाटगद्धी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(१२) संवेदनशील क्षेत्रवाट नदीजन्य पदार्थ उत्खनन् गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता भारी उपकरण प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ ।

(१३) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानव बस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा गाउँपालिकाले सूचना प्रकाशित गरी गाउँपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि संबेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(१४) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा घाटगद्धी गर्ने कार्य आषाढ १ गते देखि भाद्र मसान्तसम्म गर्न पाइने छैन ।

(१५)  यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ प्रकोप नियन्त्रणको लागि तत्काल हटाउनु पर्ने भएमा जिल्ला अनुगमन समिति तथा समन्वय समितिले अनुगमन गरी गाउँ कार्यपालिकाको निर्णयानुसार मेसिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

(१६) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएका नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेलापरेमा तत्काल गाउँपालिकामा बुझाउनु पर्नेछ र गाउँपालिकाले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

<u>१४. सङ्कलन भण्डारण र घाटगद्धी को व्यवस्थाः</u> (१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्धी इजाजत दिनु पहिले गाउँपालिकाले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्धी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषय सम्झौता पत्रमा उल्लेख गरी सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नु पर्नेछ । सङ्कलित नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थान सम्झौतामा तोक्नुपर्नेछ । घाटगद्धी तोक्दा वनक्षेत्र र अन्य क्षेत्र अलग अलग छुट्टिने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्धी स्थान छनौट गर्दा उत्खनन्, सङ्कलन स्थलबाट न्यूनतम तीन सय मिटरको दुरी कायम गर्नु पर्नेछ । वनक्षेत्र, सार्वजनिक जग्गा, ऐलानी तथा पर्ति जग्गा, विद्यालय, क्याम्पस, धार्मिक स्थल, पानीको मुहान, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्धी गर्न पाइने छैन ।

(३) घाटगद्धी गर्दा संकलन/उत्खनन् गरिएका नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) दहत्तर वहत्तर काठ दाउराको सङ्कलन र घाटगद्धी प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ । (५) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्धी गर्नु गराउनु हुदैन । तोकिएको घाटगद्धी स्थानमा तोकिएका नदीजन्य पदार्थबाहेक अन्य मालवस्तु घाटगद्धी गर्न पाइने छैन ।

तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्धी गरे गराएमा विक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु गाउँपालिकाले जफत गर्नेछ ।

(६) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्धी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) कार्यादेश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्धी गर्ने कार्य सम्पन्न नभए सम्म व्यवसायीले विक्री गर्न पाउने छैन । विक्री गरेको पाइएमा गाउँपालिकाले विक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ ।

(८) गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र विक्री वितरण तथा घाटगद्धी स्थलको निरन्तर निरीक्षण अनुगमन गर्नु पर्नेछ ।

माद्दी गाउँपालिका, कास्की

## परिच्छेद ४
## नदी तथा खानीजन्य पदार्थ ओसारपसार र ढुवानी

१५. ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः (१) खानी तथा नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) उत्खनन् स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनुपर्नेछ र अध्ययन प्रतिवेदनमा उल्लेखित क्षमताभन्दा बढी क्षमता भएका ढुवानी साधनलाई गाउँपालिकाले नदी वा खानी प्रवेशमा रोक लगाउने छ । लोड सीमाको अनुगमन नेपाल प्रहरीले पनि गर्न सक्नेछ ।

(ख) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइनेछैन ।

(ग) नदी तथा खानीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ ।

(घ) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनले ढुवानी अवधीभर नदी प्रवेश निस्सा र राजस्व तिरेको निस्सा साथमा राख्नु पर्नेछ ।

(ङ) निकासी कर्ता तथा ढुवानी कर्ताले अनुसूची ८ बमोजिमको पटके निकासी निस्सा अनिवार्य रुपमा भर्नु पर्नेछ ।

(च) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन । सवारी साधन बिग्रेमा निकासीकर्ताले तुरुन्त अर्को साधनको व्यवस्था गरी बिग्रेको सवारी साधन सडकबाट हटाउनु पर्नेछ ।

(छ) शहर वा बजार क्षेत्र तथा मुल सडकमा नदीजन्य पदार्थ बोकेको सवारी साधनलाई गाउँपालिकाले सूचना जारी गरी निश्चित समयभित्र मात्र तथा निश्चित बाटो प्रयोग गरी चलाउने व्यवस्था गर्न सक्ने छ ।

(ज) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको तथा वस्तीहरूमा द्रूत गतिमा ढुवानी साधन चलाउन (प्रति घण्टा ४० कि.मि.भन्दा बढी गतिमा), प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने  छैन ।

(झ) मुल सडकबाट उत्खनन् गर्ने स्थानसम्मको बाटो को नियमित मर्मत सम्भार तथा धुलो उड्न नदीन नियमित पानी छर्कने व्यवस्था उत्खनन् तथा निकासी कर्ताले गर्नु पर्नेछ ।

(ञ) उत्खनन् स्थलसम्म जाने बाटो वन क्षेत्र भई खोल्नु पर्ने भएमा सम्वन्धित वन कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले भण्डारण वा घाटगद्धी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भार मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

(३) गाउँपालिकामा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

(४) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

<u>१६. निषेधित कार्यहरुः</u> (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा खानी तथा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत बिना खानी तथा  नदीजन्य पदार्थ उत्खनन् , सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

माडी गाउँपालिका, कास्की

(ग) खानी तथा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न ।

(घ) खानी तथा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न ।

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन्, सङ्कलन र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ गरी उद्योग सञ्चालन गर्न ।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन्, सङ्कलन तथा विक्री वितरण गर्न र स्वरुप परिवर्तन हुने गरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।

(ञ) कार्यविधि विपरित हुने गरी खानी तथा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, ओसारपसार, विक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

(ट) नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

(ठ) नदी, खोला तथा खहरेको बहाव परिवर्तन हुने गरी उत्खनन् गर्न ।

१७. सजायको व्यवस्थाः (क) दफा १६ को उपदफा (१) बमोजिमका निषेधित कार्य वा यो कार्यविधि वर्खिलाफका कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

(ख) गाउँपालिकाको अनुमति प्राप्त नगरी खानी तथा नदीजन्य पदार्थको उत्खनन्, संकलन, चोरी निकासी गरेमा, अनुमति बिना नदीमा एक्जाभेटर, डोजार तथा ट्रिपर आदि साधन लगि उत्खनन्, संकलन गरेमा चोरी निकासीमा प्रयोग भएको सामान जफत गरी प्रत्यक स्काभेटर, डोजरको लागि रु. १ लाख,

टिपरको लागि रु. ५० हजार, मिनि ट्रिपर रु. ५० हजार, मिनि ट्रकलाई रु. २० हजार, निशान ट्रकलाई रु. १५ हजार, ट्रयाक्टरलाई रु. २५ हजार र चोरी निकासी गर्ने व्यक्तिलाई रु. २५ हजार जरिवाना गरिनेछ।

(ग) प्रचलित मापदण्ड, यस कार्यविधि तथा निर्देशन पालना नगर्ने उद्योग व्यवसायलाई गाउँपालिकाले संचालनमा रोक लगाउन सक्नेछ।

## परिच्छेद ५
## अनुगमन मूल्याङ्कन

१८. अनुगमन सम्बन्धी व्यवस्था : वातावरण अध्यन प्रतिवेदनका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न दफा (१९) र (२०) बमोजिमको कार्यदल तथा अनुगमन संयन्त्र परिचालन गरिनेछ।

(१) जिल्ला समन्वय समितिका प्रमुख संयोजक रहेको नेपाल सरकारद्धारा गठीत जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्वन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ।

(२) गाउँपालिकाले ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन्कार्य यस कार्यविधी र वातावरण अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्न सक्नेछ र सो कार्यदलले अनुसूची ९ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्नेछ।

(३) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा, आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खनन्कर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(४) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन् वा सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन् वा सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सक्नेछ ।
(५) उपदफा (४) बमोजिम रोक, लगाईएकोमा सम्बन्धित उत्खनन् वा सङ्कलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सक्नेछ ।
(६) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाईएमा त्यस्तो सङ्कलनकर्ता, उत्खनन्कर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य रोक्न निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।
(७) उफदफा (६) बमोजिम जफत गरिएको मालवस्तु गाउँपालिकाले प्रचलित कानून बमोजिम लिलाम विक्री गरी उक्त रकम स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।
(८) अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खनन्कर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन् तथा विक्रीको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ ।
(९) अनुगमन कार्यमा लाग्ने खर्चको लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१९. कार्यदल गठनः (१) नदीजन्य पदार्थ उत्खनन्  सङ्कलन, भण्डारण, ओसारपसार र विक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्न गराउनका लागि एक गाउँपालिका स्तरीय प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षण कार्यदल गठन  गरिनेछ ।
(२) उपदफा (१) बमोजिमको कार्यदलमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, संयोजक- सदस्य

(घ)प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) प्राविधिक शाखा प्रमुख - सदस्य

(च) गाउँपालिकामा रहेको प्रहरी चौकीको प्रमुख - सदस्य

(छ) संयोजकबाट मानोनित कार्यपालिका सदस्य १ जना - सदस्य

(ज) योजना शाखा प्रमुख - सदस्य सचिव

(३) प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षण कार्यदलको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउने साथै आवश्यकता अनुरुप जिल्ला समन्वय समिति, प्रदेश मन्त्रालय र संघीय मन्त्रालयसंग आवश्यक समन्वय गर्ने ।

(ख) कार्यविधि बमोजिम नीति, नियम, मापदण्ड तर्जुमा, नियमन र संशोधनका लागि कार्यपालिकालाई सुझाव दिने ।

(ग) कुनै विवाद उत्पन्न भएमा समन्वय गरी निरुपण गर्ने ।

(घ) अन्य स्थानीय तहसंग कुनै विवाद भएमा विवाद समाधानको लागि समन्वय गर्ने ।

